# एक गाउँ एक उत्पादन / एक जिल्ला एक उत्पादन कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७०
## (दोश्रो संशोधन २०७३)

**प्रस्तावना :**

जिल्लाको मौलिक पहिचान भएका बस्तु तथा सेवाको उत्पादन तथा प्रबर्द्धन गर्न नेपाल सरकारले सार्वजनिक-निजी-सहकारी साझेदारीमा एक गाउँ एक उत्पादन कार्यक्रम आर्थिक बर्ष २०६३/६४ को बजेट बक्तव्य मार्फत घोषणा गरी कार्यान्वयन गरिएको कार्यक्रमको पहिलो चरण (२०६३-०६८) मा समाप्त भई दोश्रो चरणको कार्यक्रम (२०६८- ०७३) देखि निरन्तर रुपमा कार्यक्रम संचालन भैरहेको छ । नेपाल सरकारबाट आ.ब.२०६९/७० देखि थप एक जिल्ला एक उत्पादन कार्यक्रम अवधारणा अनुरुप बिभिन्न जिल्लाहरुमा उद्योग स्थापनाको कार्य गर्ने गरी बजेट बिनियोजन भएको र चालु आर्थिक बर्ष २०७२/७३ को कार्यक्रम बजेटमा समेत उल्लेखित कार्यक्रम लाई निरन्तरता दिईएकोले कृषि विकास मन्त्रालय र नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्रका साथै राष्ट्रिय सहकारी संघ सँगको सहकार्यमा कृषि क्षेत्रको व्यवसायिकरण, उद्योग स्थापना, संचालन र बजारीकरणका कार्यक्रम संचालन गरी सन्तुलित आर्थिक विकास एवं रोजगारी सृजना गर्दै गरिवी निवारण गर्न एक गाउँ एक उत्पादन कार्यक्रम कार्यान्वयन निर्देशिका २०६८ र एक जिल्ला एक उत्पादन कार्यक्रम कार्यान्वयन निर्देशिका २०७० अन्तर्गत रही कार्यक्रम संचालनमा आएकोमा कार्यक्रम संचालनमा सहजता तथा एकरुपता ल्याउन उपरोक्त दुवै निर्देशिकालाई समाहित र संशोधन गरी दुबै कार्यक्रम संचालनको लागि नेपाल सरकारले यो निर्देशिका जारी गरेको छ । यो निर्देशिका स्वीकृत भएको मितिबाटै लागु हुने छ र यो निर्देशिका लागु पछि पुराना निर्देशिका स्वत: खारेज भएको मानिनेछ ।

**परिच्छेद १**
**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(क) यो निर्देशिकाको नाम एक गाउँ एक उत्पादन (One Village One Product) र एक जिल्ला एक उत्पादन (One District One Product) कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७० (संसोधन सहित) रहेको छ ।

(ख) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत मिति देखि लागू हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "निर्देशिका" भन्नाले एक गाउँ एक उत्पादन कार्यक्रम (One Village One Product) र एक जिल्ला एक उत्पादन (One District One Product) कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७० " (संसोधन सहित) सम्झनु पर्छ ।

(ख) "कार्यक्रम" भन्नाले सार्वजनिक-सहकारी-निजी साझेदारीमा कृषिमा आधारित ग्रामिणस्तरमा वस्तु तथा सेवाको उद्यम प्रवर्द्धन द्वारा उत्पादन बढाई बेच बिखन गरीने एक गाउँ एक उत्पादन कार्यक्रम र कृषि क्षेत्रको व्यवसायिकरण,उद्योग स्थापना, संचालन र बजारकरणका लागि संचालन गरिने एक जिल्ला एक उत्पादन कार्यक्रम सम्झनु पर्दछ । यसलाई सक्षिप्तमा OVOP र ODOP भनिनेछ ।

(ग) "निर्देशन समिति" भन्नाले निर्देशिकाको दफा ७ बमोजिम गठित निर्देशन समिति सम्झनु पर्छ ।

सचिव

(घ) "प्राविधिक समिति" भन्नाले निर्देशिकाको दफा ८ बमोजिम गठित प्राविधिक समिति सम्झनु पर्छ ।

(ङ) "जिल्ला समिति" भन्नाले निर्देशिकाको दफा १३ बमोजिम गठित कार्यक्रम संचालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

(च) "समन्वय तथा अनुगमन समिति" भन्नाले दफा १८ बमोजिम गठित समन्वय तथा अनुगमन समिति भन्ने सम्झनु पर्छ ।

(छ) "कोष" भन्नाले कार्यक्रम सञ्चालनको लागि निर्देशिकाको दफा ९ बमोजिम स्थापना गरिएको कोष सम्झनु पर्छ ।

(ज) "केन्द्र" भन्नाले नेपाल उद्योग वाणिज्य महासंघ अन्तरगतको कृषि उद्यम केन्द्र सम्झनु पर्छ ।

(झ) "संघ" भन्नाले राष्ट्रिय सहकारी संघ सम्झनु पर्छ ।

(ञ) "सहकारी" भन्नाले राष्ट्रिय सहकारी संघ र सो संग आबद्ध कृषिसँग सम्बन्धित बिषयगत केन्द्रीय सहकारी संघ तथा जिल्लास्तरीय सहकारी संघहरु जनाउँदछ ।

(ट) "कार्यक्रमको सचिवालय" भन्नाले नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गतको कृषि उद्यम केन्द्र र राष्ट्रिय सहकारी संघ लाई जनाउँदछ ।

(ठ) "जिल्ला समितिको सचिवालय" भन्नाले नेपाल उद्योग वाणिज्य महासंघको कार्यालय र जिल्ला सहकारी संघको कार्यालयलाई जनाउँदछ ।

(ड) "निजी क्षेत्र" भन्नाले जिल्ला वा नगरमा उद्योग वाणिज्य संघमा दर्ता भएका व्यवसायी र नेपाल उद्योग वाणिज्य महासंघका सदस्य व्यवसायी र तिनको कम्पनी वा फर्म संचालकलाई सम्झनु पर्दछ । साथै जिल्ला सहकारी संघमा आवद्ध सहकारी संस्थाहरुलाई समेत जनाउँदछ ।

(ढ) "सार्वजनिक क्षेत्र" भन्नाले सार्वजनिक सेवा प्रवाहको लागि स्थापित नेपाल सरकार मातहतका निकायहरु जनाउँदछ ।

(ण) "उद्योग" भन्नाले एक जिल्ला एक उत्पादन कार्यक्रमको उद्देश्य अनुरुप सार्वजनिक-सहकारी-निजी साझेदारीमा स्थापना हुने उद्योगलाई सम्झनु पर्दछ ।

(त) "मन्त्रालय" भन्नाले कृषि विकास मन्त्रालयलाई जनाउँदछ ।

## ३. कार्यक्रमको उद्देश्यहरु:

सम्भाव्यताको आधारमा कृषि क्षेत्रको व्यवसायीकरण एवं प्रतिस्प्रधात्मक क्षमता अभिबृद्धि गरि गरिबी निवारणमा सहयोग पुऱ्याउने यस कार्यक्रमको प्रमुख उद्धेश्य रहेको छ । यस कार्यक्रमको अन्य उद्देश्यहरु देहाय वमोजिम रहेका छन् :

### एक गाउँ एक उत्पादन कार्यक्रम:

(क) सम्भाव्यताको आधारमा स्थानिय स्तरमा छनौट भएका स्थानिय पहिचान सहितको वस्तु र सेवाको उद्यम प्रवर्द्धनद्धारा कृषि क्षेत्रको व्यवसायिकरण गरी उत्पादन अभिबृद्धि गर्ने, र

(ख) उद्यम बिकास अनुरुप उत्पादन भएका बस्तु तथा सेवाको बेच बिखन मूल्य श्रृंखलाको आधारमा प्रवर्द्धन गरी कृषक तथा व्यवसायीको आयस्तर बृद्धि गर्ने ।

### एक जिल्ला एक उत्पादन कार्यक्रम :

(क) जिल्लाको मौलिक पहिचान भएका वस्तुको उत्पादन, प्रवर्द्धन तथा मूल्य अभिवृद्धि गर्ने,

(ख) उद्योग स्थापना, सञ्चालन र वजारीकरण गरी कृषि क्षेत्रको व्यवसायिकरण एवं प्रतिस्प्रधात्मक क्षमता बढाई सन्तुलित आर्थिक विकास एवं रोजगारी सृजना गर्दै गरिवी निवारण गर्ने ।



सचिव

परिच्छेद २

## कार्यक्रम सञ्चालन हुने जिल्ला तथा साझेदार संस्थाहरु र तिनको भूमिका

नेपाल सरकार कृषि विकास मन्त्रालय सिंहदरबार

### ४. कार्यक्रम सञ्चालन

**एक गाउँ एक उत्पादन कार्यक्रम:**

(क) नेपाल सरकारले सालवसाली रुपमा प्रदान गर्ने अनुदानको अधिनमा रही ग्रामिणस्तरवाट सिफारिस भई आएका कार्यक्रमका लागि प्राविधिक समितिको सुझाव अनुसार कार्यक्रम संचालन गर्ने ।

(ख) नेपाल सरकारवाट प्रत्येक वर्षमा प्राप्त हुने अनुदान रकमको परिमाण र सम्भाव्यताको आधारमा क्रमशः सवै जिल्लाहरुमा कार्यक्रम विस्तार गरी संचालन गर्न सकिने छ ।

(ग) माथी उल्लेखित बुंदा नं. (क) र (ख) वमोजिम संचालन हुने कार्यक्रम ५ वर्ष अवधिसम्मको लागि मात्र हुने छ । तर नेपाल सरकारको अनुगमन निरीक्षण उद्योग संचालन भएको अबस्था सम्म रहनेछ ।

(घ) एक गाउँ एक उत्पादन कार्यक्रममा निजी क्षेत्रको कम्तीमा २५ प्रतिशत लगानी भएको हुनु पर्नेछ । नेपाल सरकारको अनुदान प्राप्त अगावै निजी क्षेत्रको उक्त रकम एक गाउँ एक उत्पादन कोषका लागि खोलीएको खातामा जम्मा भएको हुनुपर्नेछ ।

**एक जिल्ला एक उत्पादन कार्यक्रम:**

आर्थिक बर्ष २०६९/७० को बजेट बक्तब्य मार्फत घोषणा भएको यो कार्यक्रम सार्वजनिक-सहकारी-निजी साझेदारीको अवधारण अनुरुप नमुना उद्योग स्थापनाका प्रारम्भिक कार्य संचालन भईरहेको र क्रमशः सफलताको आधारमा अन्य जिल्लामा समेत विस्तार गरिदै लगिनेछ । यस्ता कार्यक्रम दिगो रुपमा संचालन गर्न केन्द्र र संघले कार्यक्रमको संस्थागत बिकास गर्नेछ ।

### ५. निजि क्षेत्र तथा सहकारी क्षेत्रको जिम्मेवारी र भूमिका

यस निर्देशिका बमोजिम सार्वजनिक क्षेत्रका साझेदार निकायहरुको जिम्मेवारी र भूमिका देहाय बमोजिम हुने छ ।

**एक गाउँ एक उत्पादन कार्यक्रम :**

(क) स्थानिय स्तर बाट सिफारिस भएका बस्तुहरु मध्येबाट सम्बन्धित जिल्ला समितिले सम्भाव्यता अध्ययन गरी एक गा.बि.स. मा एक वस्तु वा सेवा छनौट गर्नु पर्नेछ । तर, एक जिल्ला भित्र एक भन्दा बढी उत्पादन भएमा सो जिल्ला भित्र बढीमा दुई वस्तु वा सेवा सम्म छनौट गर्न सकिनेछ । त्यसरी छनौट गर्दा निम्न आधारहरुलाई प्राथमिकता दिनु पर्नेछ ।

**वस्तु छनौट गर्ने आधार :**

(१) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार सम्भाव्यता,
(२) स्थानिय महत्वको विशेष वस्तु वा सेवा (Niche product),
(३) कम्तिमा पचास प्रतिशत जिल्ला भित्रको श्रम प्रयोग हुने वस्तु वा सेवा,
(४) कम्तिमा पचास प्रतिशत जिल्ला भित्रको कच्चा पदार्थ प्रयोग हुने वस्तु वा सेवा,
(५) स्थानीय स्तरमा रोजगारी श्रृजना र मानव संशाधनको विकास हुने,
(६) स्थानीय पहिचान र गौरवका वस्तु र सेवा,
(७) मुल्य अभिवृद्धि हुने,
(८) स्थानीय क्षेत्रको आर्थिक विकासमा योगदान गर्ने,
(९) त्यस्ता बस्तु वा सेवा को व्यवसायिकरण गर्न सकिने ।

(ख) जिल्ला समितिबाट छनौट भई आएका वस्तु तथा सेवा मध्येबाट प्राविधिक समितिले पुनरावलोकन गरी अन्तिम छनौट गर्नेछ ।

सचिव

(ग) कृषि उद्यम केन्द्र र राष्ट्रिय सहकारी संघ मार्फत संचालन हुने एक गाउँ एक उत्पादन कार्यक्रमको कार्यक्षेत्र एकै स्थान र एकै बिषयमा नभई फरक फरक स्थान र फरक फरक बिषयमा संचालन गर्नु पर्ने छ ।

**एक जिल्ला एक उत्पादन कार्यक्रम**

(क) जिल्लाको मौलिक पहिचान भएका बस्तु उत्पादन हुने जिल्लाको पहिचान एव छनौट गर्ने,

(ख) स्थानिय उत्पादन तथा श्रोत साधनको प्रयोग गरी गुणस्तरीय प्रशोधित खाद्य पदार्थ उत्पादन गर्न व्यावसायीक योजना तयार गर्ने/गराउने,

(ग) कृषिमा आधारित नमूना प्रशोधन उद्योग स्थापना तथा संचालनको लागि लगानीकर्ता साझेदारहरुको पहिचान गरी श्रोत जुटाउने,

(घ) उद्योग स्थापना तथा संचालन गर्न आवश्यक पर्ने जग्गाको व्यवस्था गरी पुर्वाधार विकास गर्ने,

(ङ) उद्योग स्थापनाका लागि सरकारी तथा गैर सरकारी र स्थानीय निकायको सहयोग तथा समन्वयको लागि पहल गर्ने,

(च) उद्योग स्थापना तथा संचालनको लागि मजदुर कर्मचारीको व्यवस्था, कच्चा पदार्थको व्यवस्था, प्रशोधित खाद्य पदार्थ उत्पादन, प्याकेजिङ्ग तथ विक्री वितरण गर्ने,

(छ) निजी क्षेत्रबाट कार्यक्रमको उद्देश्य अनुसार गर्नु पर्ने अन्य कार्यहरु ।

(ज) कृषि उद्यम केन्द्र र राष्ट्रिय सहकारी संघ मार्फत संचालन हुने एक जिल्ला एक उत्पादन कार्यक्रमको कार्यक्षेत्र एकै जिल्ला नभई फरक फरक जिल्लामा संचालन गर्नु पर्नेछ र एक जिल्लामा एक वटा मात्र बस्तुसँग सम्बन्धित उद्योग स्थापना हुनेछ ।

**६. सार्बजनिक क्षेत्रको जिम्मेवारी र भूमिका:**

यस निर्देशिका बमोजिम सार्वजनिक क्षेत्रका साझेदार निकायहरुको जिम्मेवारी र भूमिका देहाय बमोजिम हुने छ ।

(क) एक गाउँ एक उत्पादन कार्यक्रम अन्तरगत छनौट भएका वस्तु तथा सेवाको स्वीकृत गर्ने,

(ख) निजी क्षेत्रबाट प्रस्तुत भएको उद्योग स्थापना तथा संचालनका व्यवसायीक योजना स्वीकृत गर्ने,

(ग) उद्योग स्थापना तथा संचालनका साझेदार निकाय बीच समन्वय गर्ने गराउने,

(घ) नमूना उद्योग स्थापनार्थ सार्वजनिक निजी साझेदारीको अवधारण अनुरुप बजेट रकमको व्यवस्था, निकाशा तथा अख्तियारी प्रदान गर्ने,

(ङ) उद्योग स्थापना तथा संचालन गर्न आवश्यक जग्गाको व्यवस्था गरी पुर्वाधार विकास गर्ने,

(च) उद्योग स्थापना तथा संचालनको लागि दातृ संस्थासंग आर्थिक सहयोगको लागि पहल गर्ने,

(छ) उद्योग संचालनको लागि कच्चा पदार्थको व्यवस्था, प्रशोधित खाद्य पदार्थ उत्पादन, प्याकेजिङ्ग तथा विक्री वितरण गर्न सहयोग गर्ने ।

(ज) कार्यक्रमको उद्देश्य अनुसारको सार्वजनिक क्षेत्रबाट उद्योग स्थापना, संचालन, अनुगमन निरीक्षण तथा नियमनको लागि गर्नु पर्ने अन्य कार्यहरु ।

**परिच्छेद ३**
**समितिहरु र तिनको काम, कर्तब्य र अधिकार**

**७ निर्देशन समिति सम्बन्धी व्यवस्था :**

(क) सार्वजनिक-निजी-सहकारी साझेदारी अवधारणा अनुरुप कार्यक्रम संचालनमा सहयोग, समन्वय र नियमन गर्न एक निर्देशन समिति रहने छ ।



सचिव

(ख) कृषि उद्यम केन्द्र मार्फत संचालन हुने कार्यक्रमको लागि उपदफा (क) बमोजिमको समितिमा देहाय बमोजिमका पदाधिकारीहरू सदस्य रहने छन् :

| | |
|---|---|
| अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | अध्यक्ष |
| सह सचिव, खाद्य सुरक्षा, कृषि व्यवसाय प्रवर्द्धन तथा बातावरण महाशाखा, कृषि विकास मन्त्रालय | सदस्य |
| सह सचिव, योजना महाशाखा, कृषि विकास मन्त्रालय | सदस्य |
| सह सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय | सदस्य |
| सह सचिव, अर्थ मन्त्रालय | सदस्य |
| सह सचिव, उद्योग मन्त्रालय, | सदस्य |
| सह सचिव, वाणिज्य मन्त्रालय, | सदस्य |
| सह सचिव, संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय, | सदस्य |
| सह सचिव, उर्जा मन्त्रालय | सदस्य |
| सह सचिव, पशुपन्छी विकास मन्त्रालय | सदस्य |
| सहसचिव, वन तथा भू संरक्षण मन्त्रालय | सदस्य |
| नेपाल उद्योग वाणिज्य महासंघले मनोनयन गरेको एक गाउँ एक उत्पादन /एक जिल्ला एक उत्पादन कार्यक्रमको संयोजक | सदस्य |
| कृषि व्यवसाय प्रवर्द्धनमा अनुभवी एवं बिज्ञ मध्ये समितिले मनोनयन गरेको व्यक्ति | सदस्य |
| प्रवन्ध निर्देशक, कृषि उद्यम केन्द्र | सदस्य सचिव |

ग) राष्ट्रिय सहकारी संघ मार्फत संचालन हुने कार्यक्रमको लागि दफा ७ को उपदफा (क) वमोजिमको समितिमा सहकारी क्षेत्रका लागि देहाय वमोजिमका पदाधिकारीहरू सदस्य रहनेछन्:

| | |
|---|---|
| अध्यक्ष, राष्ट्रिय सहकारी संघ लि. | अध्यक्ष |
| सहसचिव, खाद्य सुरक्षा,कृषि व्यवसाय प्रवर्द्धन तथा वातावरण महाशाखा कृषि विकास मन्त्रालय | सदस्य |
| सहसचिव, योजना महाशाखा, कृषि विकास मन्त्रालय | सदस्य |
| सहसचिव, राष्ट्रिय योजना आयोगको सचिवालय | सदस्य |
| सहसचिव, अर्थ मन्त्रालय | सदस्य |
| सहसचिव, उद्योग मन्त्रालय | सदस्य |
| सहसचिव, वाणिज्य मन्त्रालय | सदस्य |
| सहसचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सदस्य |
| सहसचिव, उर्जा मन्त्रालय | सदस्य |
| सहसचिव, सहकारी तथा गरिवी निवारण मन्त्रालय, | सदस्य |
| सह सचिव, पशुपन्छी विकास मन्त्रालय | सदस्य |
| सहसचिव, वन तथा भू संरक्षण मन्त्रालय | सदस्य |
| संघले मनोनयन गरेको एक गाउँ एक उत्पादन /एक जिल्ला एक उत्पादन कार्यक्रमको संयोजक | सदस्य |
| कृषि व्यवसाय प्रवर्द्धनमा अनुभवी एवं बिज्ञ मध्ये समितिले मनोनयन गरेको व्यक्ति | सदस्य |
| महाप्रवन्धक, राष्ट्रिय सहकारी संघ लि. | सदस्य सचिव |

(घ) उपदफा (ख) र (ग) बमोजिमको समितिमा आवश्यकतानुसार कुनै विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(ङ) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

सचिव

(च) उपदफा (ख) बमोजिमको समितिको सचिवालय नेपाल उद्योग वाणिज्य महासघको कृषि उद्यम केन्द्रमा रहने छ भने उपदफा (ग) बमोजिमको समितिको सचिवालय राष्ट्रिय सहकारी संघको कार्यलयमा रहनेछ ।

(छ) समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) कार्यक्रमको उद्देश्य अनुरुप संचालन हुने कार्यक्रम तथा बजेटको सिफारिस सहित स्वीकृतीका लागि मन्त्रालय समक्ष पेश गर्ने,

(२) प्राविधिक समितिबाट सिफारिस भएका व्यवसायिक योजना (Business plan) स्वीकृत गरी अनुमोदनका लागि मन्त्रालय समक्ष पेश गर्ने,

(३) कार्यक्रम कार्यान्वयनको सम्वन्धमा विभिन्न निकायहरु बीच समन्वय गर्ने,

(४) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यकतानुसार उप समिति गठन गर्ने,

(५) कार्यक्रमको अनुगमन तथा मुल्यांकन गर्ने,

(६) समितिको निर्णयको कार्यान्वयन गर्ने गराउने काम सदस्य सचिवबाट हुनेछ ।

## ८. प्राबिधिक समिति सम्बन्धी ब्यवस्था :

(क) सार्वजनिक-सहकारी-निजी साझेदारी अवधारणा अनुरुप कार्यक्रम संचालनका लागि निर्देशन समितिलाई प्राविधिक सहयोग पुर्‍याउन तथा समन्वय गर्न देहाय बमोजिमको एक प्राविधिक समिति रहनेछ ।

(ख) उपदफा (क) बमोजिमको समितिमा देहाय बमोजिमका पदाधिकारीहरु सदस्य रहने छन् :

| | |
|---|---|
| सह सचिव, खाद्य सुरक्षा, कृषि व्यवसाय प्रबर्द्धन तथा वातावरण महाशाखा, कृषि विकास मन्त्रालय | अध्यक्ष |
| कार्यकारी निर्देशक, घरेलु तथा साना उद्योग विकास समिति | सदस्य |
| उप सचिव, /अधिकृत प्रतिनिधि, अर्थ मन्त्रालय | सदस्य |
| उप सचिव, /अधिकृत प्रतिनिधि, राष्ट्रिय योजना आयोगको सचिवालय | सदस्य |
| उप सचिव, /अधिकृत प्रतिनिधि, उद्योग मन्त्रालय | सदस्य |
| शाखा प्रमुख, व्यवसाय प्रवर्द्धन शाखा, कृषि विकास मन्त्रालय | सदस्य |
| शाखा प्रमुख, बजेट तथा कार्यक्रम शाखा, कृषि विकास मन्त्रालय | सदस्य |
| शाखा प्रमुख, कार्यक्रम अनुगमन तथा मूल्यांकन शाखा, कृषि विकास मन्त्रालय | सदस्य |
| शाखा प्रमुख, ऐन नियम परामर्श शाखा, कृषि विकास मन्त्रालय | सदस्य |
| शाखा प्रमुख, आर्थिक प्रशासन शाखा, कृषि विकास मन्त्रालय | सदस्य |
| उप सचिव, संघिय मामला तथा स्थानिय बिकास मन्त्रालय | सदस्य |
| अध्यक्ष, /अधिकृत प्रतिनिधि, राष्ट्रिय सहकारी संघ | सदस्य |
| केन्द्र वा संघले मनोनयन गरेको एक गाउँ एक उत्पादन/एक जिल्ला एक उत्पादन कार्यक्रमको संयोजक | सदस्य |
| प्रवन्ध निर्देशक, कृषि उद्यम केन्द्र / महाप्रबन्धक, राष्ट्रिय सहकारी संघ | सदस्य सचिव |

(नोट: कृषि उद्यम केन्द्रबाट संचालित कार्यक्रमको हकमा उक्त समितिको सदस्य सचिव कृषि उद्यम केन्द्रका प्रबन्ध निर्देशक रहने र राष्ट्रिय सहकारी संघबाट संचालित कार्यक्रमको हकमा समितिको सदस्य सचिव राष्ट्रिय सहकारी संघका महाप्रबन्धक रहनेछ ।)

(ग) उपदफा (ख) बमोजिमको समितिमा आवश्यकतानुसार कुनै विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(घ) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(ङ) कृषि उद्यम केन्द्र मातहत संचालन हुने कार्यक्रमको लागि समितिको सचिवालय नेपाल उद्योग वाणिज्य महासंघको कृषि उद्यम केन्द्रमा रहनेछ भने राष्ट्रिय सहकारी संघ मातहत संचालन हुने कार्यक्रमको लागि समितिको सचिवालय राष्ट्रिय सहकारी संघको कार्यलयमा रहनेछ ।

(च) समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ:



सचिव

(१) कार्यक्रमको उद्देश्य अनुरुप संचालन हुने कार्यक्रम तथा बजेट सिफारिस सहित निर्देशन समितिमा पेश गर्ने,

(२) व्यवसायिक योजना (Business Plan) पुनरावलोकन गरी निर्देशन समितिलाई सुझाव दिने,

(३) कार्यक्रम सुपरिवेक्षण र अनुगमन गर्ने र आवश्यकतानुसार जिल्ला समितिलाई सुझाव दिने,

(४) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यकतानुसार उपसमिति गठन गर्ने,

(५) कार्यक्रम संचालनको लागि अन्य काम गर्ने, गराउने,

(६) समितिको निर्णयको कार्यान्वयन गर्ने गराउने काम सदस्य सचिवबाट हुनेछ ।

## परिच्छेद ४
## कोषको स्थापना तथा संचालन

**९. एक गाउँ एक उत्पादन कार्यक्रम र एक जिल्ला एक उत्पादन कार्यक्रम संचालन कोषको स्थापना:**

(क) एक गाउँ एक उत्पादन कार्यक्रम र एक जिल्ला एक उत्पादन कार्यक्रम संचालन गर्ने सम्बन्धमा छुट्टा छुट्टै कोषको स्थापना गरिने छ ।

(ख) उपदफा (क) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन ।

(१) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,
(२) नेपाल उद्योग वाणिज्य महासंघबाट प्राप्त सहयोग रकम,
(३) जिल्ला तथा नगर उद्योग वाणिज्य संघहरुबाट प्राप्त हुने सहयोग रकम,
(४) राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी तथा गैरसरकारी संस्थाबाट एक जिल्ला एक उत्पादन कार्यक्रम संचालनका लागि प्राप्त हुने सहयोग रकम,
(५) संस्थापक शेयर तथा साधारण शेयर वापत प्राप्त हुने रकम,
(६) जिल्ला स्थित कार्यालयहरु बाट प्राप्त रकम,
(७) स्थानिय निकाय, समुदाय तथा समूहबाट प्राप्त हुने रकम,
(८) बिषयगत केन्द्रीय/जिल्ला सहकारी संघ बाट प्राप्त रकम,
(९) अन्य कुनै श्रोतबाट प्राप्त हुने रकम ।

(ग) उपदफा (ख) को (४) बमोजिमको रकम प्राप्त गर्नु अघि अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

**१०. कोष संचालन सम्बन्धी व्यवस्था:**

कोषको संचालन देहाय बमोजिम गरिने छ :

(क) कोषमा प्राप्त हुने रकम कृषि उद्यम केन्द्र मातहत संचालन हुने कार्यक्रमको हकमा निर्देशन समितिले तोकेको क वर्गको वाणिज्य बैंकमा एक गाउँ एक उत्पादन कार्यक्रम र एक जिल्ला एक उत्पादन कार्यक्रमको नाममा छुट्टा छुट्टै खाता खोली जम्मा गरिने छ भने राष्ट्रिय सहकारी संघको मातहत संचालन हुने कार्यक्रमको हकमा निर्देशन समितिले तोकेको क वर्गको वाणिज्य बैंकमा एक गाउँ एक उत्पादन कार्यक्रम र एक जिल्ला एक उत्पादन कार्यक्रमको नाममा छुट्टा छुट्टै खाता खोली जम्मा गरिने छ ।

(ख) कोषको खाता संचालन कृषि उद्यम केन्द्र मातहत संचालन हुने कार्यक्रमको हकमा निर्देशन समितिको अध्यक्ष वा निजले तोकेको नेपाल उद्योग वाणिज्य महासंघको निर्वाचित प्रतिनिधि र प्राविधिक समितिको अध्यक्षको संयुक्त दस्तखतबाट गरिने छ । त्यसै गरी राष्ट्रिय सहकारी संघको मातहत संचालन हुने कार्यक्रमको हकमा प्राविधिक समितिको अध्यक्ष र राष्ट्रिय सहकारी संघको अध्यक्ष वा निजले तोकेको संघको निर्वाचित प्रतिनिधिको संयुक्त दस्तखतबाट गरिने छ ।

सचिव

(ग) कोषको रकम एक गाउँ एक उत्पादन कार्यक्रम को स्विकृत कार्यक्रम कार्यान्वयन गर्न र एक जिल्ला एक उत्पादन कार्यक्रम प्रबर्द्धन तथा नमूना उद्योग संचालन गर्न खर्च गरिनेछ।

(घ) नेपाल सरकारबाट प्राप्त हुने एक जिल्ला एक उत्पादन कार्यक्रम को अनुदान रकम नमूना उद्योग स्थापना गर्ने प्रयोजनको लागि मात्र खर्च गरिनेछ। उद्योग स्थापनाको लागि आवश्यक पर्ने जग्गा खरिद वा भाडाको लागि खर्च गर्न पाइने छैन।

## ११. कोषको लेखा र लेखा परिक्षण

(क) कोषको लेखा नेपाल उद्योग वाणिज्य महासंघको प्रचलित लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ। साथै राष्ट्रिय सहकारी संघ मार्फत संचालन गरिने कार्यक्रमको हकमा राष्ट्रिय सहकारी संघको प्रचलित लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ।

(ख) कोषको लेखा परिक्षण रजिष्टर्ड लेखा परिक्षकबाट गरिनेछ।

(ग) प्रत्येक आर्थिक बर्ष अन्त भएको चार महिना भित्र कृषि उद्यम केन्द्र र राष्ट्रिय सहकारी संघले कोषको लेखा परिक्षण गराउनु पर्ने छ।

(घ) लेखा परिक्षकको नियुक्ती र पारिश्रमिकको निर्धारण निर्देशन समितिको सिफारिसमा मन्त्रालयले गर्ने छ। यसरी नियुक्ती गर्दा आर्थिक बर्ष समाप्त हुन एक महिना अगावै सचिवालयबाट लेखा परिक्षकको छनौट गरि सकेको हुनु पर्ने छ।

(ङ) नेपाल सरकारले चाहेमा जुनसुकै बखत कोषको हिसाब किताब जाँच्न वा जचाउँन सक्नेछ।

(च) कोषको आन्तरिक लेखा परिक्षण अन्तिम लेखा परिक्षण हुन एक महिना अघि कार्यक्रमको सचिवालयल (कृषि उद्यम केन्द्र र राष्ट्रिय सहकारी संघ) ले गर्ने छ। आन्तरिक लेखा परिक्षण गर्दा मन्त्रालयबाट लेखा तथा सम्वन्धित शाखाको सहयोग लिन सक्ने छ।

(छ) स्वीकृत कार्यक्रम संचालनको लागि निकासा गर्दा मन्त्रालयबाट चौमासिक निकासा दिने र आर्थिक बर्ष अन्त्य सम्मको खर्च रकम फरफारक गर्नको लागि तपसिल अनुसारको फरफारक समिति गठन गरिनेछ।

संयोजक : शाखा प्रमुख, आर्थिक प्रशासन शाखा, कृषि बिकास मन्त्रालय

सदस्य : शाखा प्रमुख , व्यवसाय प्रबर्द्धन शाखा, कृषि बिकास मन्त्रालय

सदस्य : लेखा अधिकृत , आर्थिक प्रशासन शाखा, कृषि बिकास मन्त्रालय

# परिच्छेद ५
# उद्योग स्थापना संचालन व्यवस्था

## १२. उद्योग स्थापना तथा संचालन सम्बन्धी व्यवस्था :

(क) व्यवसायिक योजनाको प्रस्ताव तयार गर्ने:

सार्वजनिक-सहकारी- निजी साझेदारीमा उद्योग स्थापना तथा संचालनको लागि निजी क्षेत्र/सहकारीले व्यवसायिक योजनाको प्रस्ताव तयार गर्ने छ।

(ख) लगानीको श्रोत एकित गर्ने :

(१) निजी/सहकारी क्षेत्रले सार्वजनिक निजी साझेदारीमा उद्योग स्थापना तथा संचालन गर्न आवश्यक पर्ने लगानी रकमको श्रोत एकिन गर्ने छ।

(२) उपदफा (१) अनुसार एकिन गरिएको लगानीको श्रोतबाट देहाय बमोजिमको रकम संकलन गर्ने जिम्मेवारी निजी क्षेत्रको हुनेछ।

(क) एक जिल्ला एक उत्पादन कार्यक्रम संचालन कोषबाट अधिकतम ५० प्रतिशत अनुदान रकम प्राप्त गर्ने।

(ख) संस्थापक तथा साधारण शेयर लगानीकर्ताबाट न्यूनतम ५० प्रतिशत रकम प्राप्त गर्ने। उक्त रकम मध्ये २५ प्रतिशत रकम सरकारी अनुदान प्राप्त गर्नु अगावै उक्त कोषमा जम्मा गरी सक्नु पर्नेछ।

(ग) अन्य कुनै श्रोतबाट प्राप्त हुने रकम।

सचिव

(३) उप दफा (२) को (ख) बमोजिम प्राप्त हुने संस्थापक तथा साधारण शेयर लगानी रकमको प्रतिशत देहाय बमोजिम हुनेछ ।

(क) कृषि उद्यम केन्द्र मार्फत संचालन हुने कार्यक्रमको हकमा जिल्ला वा नगर उद्योग वाणिज्य संघको संस्थापक शेयर कुल लगानी रकमको न्यूनतम ५ प्रतिशत हुनेछ । सहकारीको हकमा जिल्ला सहकारी संघको संस्थापक शेयर कुल लगानी रकमको न्यूनतम ५ प्रतिशत हुनेछ ।

(ख) लगानीकर्ता फर्म वा व्यवसायीको संस्थापक शेयर कुल लगानी रकमको न्युनतम ३० प्रतिशत हुनेछ ।

(ग) कार्यक्रम संचालन कार्यक्षेत्रका उद्योगसँग सम्बन्धित व्यवसायिक कृषकहरुको संस्थापक/साधारण शेयर कुल लगानीको न्यूनतम १५ प्रतिशत हुनेछ ।

## १३. कार्यक्रम संचालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था :

(क) सार्वजनिक-निजी-सहकारी साझेदारी अवधारणा अनुसार एक गाउँ एक उत्पादन कार्यक्रमको उद्देश्य अनुरुप संचालन र कार्यान्वयन गर्न जिल्ला स्तरमा एक जिल्ला समिति रहने छ ।

(ख) उपदफा (क) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्य रहने छन् ।

(१) अध्यक्ष, जिल्ला/नगर उद्योग वाणिज्य संघ वा जिल्ला सहकारी संघ अध्यक्ष
(२) अधिकृत प्रतिनिधि, जिल्ला विकास समिति सदस्य
(३) प्रमुख/अधिकृत प्रतिनिधि, जिल्ला कृषि विकास कार्यालय सदस्य
(४) प्रमुख/अधिकृत प्रतिनिधि, जिल्ला पशु सेवा कार्यालय सदस्य
(५) प्रमुख/अधिकृत प्रतिनिधि, जिल्ला सहकारी कार्यालय सदस्य
(६) कार्यकारी सचिव, जिल्ला /नगर उद्योग वाणिज्य संघ वा जिल्ला सहकारी संघ सदस्य सचिव

नोटः दफा १३ (ख) १ र ६ मा कृषि उद्यम केन्द्र मार्फत संचालन हुने कार्यक्रमको हकमा जिल्ला /नगर उद्योग वाणिज्य संघको अध्यक्ष र कार्यकारी सचिव रहनेछन भने राष्ट्रिय सहकारी संघको हकमा जिल्ला सहकारी संघको अध्यक्ष र कार्यकारी सचिव रहनेछन् ।

(ग) एक जिल्ला एक उत्पादन कार्यक्रमको उद्देश्य अनुरुप उद्योग स्थापना तथा व्यवस्थापनको लागि जिल्ला स्तरमा एक जिल्ला समिति रहने छ ।

(घ) कृषि उद्यम केन्द्र मातहत संचालन हुने कार्यक्रमको हकमा उपदफा (ग) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्य रहने छन् ।

(१) अध्यक्ष, सम्बन्धित उद्योग अध्यक्ष
(२) अधिकृत प्रतिनिधि, जिल्ला विकास समिति सदस्य
(३) अध्यक्ष, जिल्ला/नगर उद्योग वाणिज्य संघ सदस्य
(४) प्रमुख, जिल्ला कृषि विकास कार्यालय सदस्य
(५) प्रमुख/अधिकृत प्रतिनिधि, जिल्ला पशु सेवा कार्यालय सदस्य
(६) जिल्ला समितिले मनोनयन गरेको संस्थापक शेयर वा साधारण शेयर लगानी कर्ताहरुको प्रतिनिधित्व गर्ने प्रतिनिधि सदस्य
(७) प्रतिनिधि,उद्योग स्थापना हुने गाँउ विकास समिति वा नगरपालिका सदस्य
(८) जिल्ला समितिले मनोनयन गरेको लगानी कर्ताहरुको प्रतिनिधित्व गर्ने कृषक प्रतिनिधि सदस्य
(९) कार्यकारी सचिव, जिल्ला/नगर उद्योग वाणिज्य संघ सदस्य सचिव

सचिव

(ङ) राष्ट्रिय सहकारी संघ मातहत संचालन हुने कार्यक्रमको हकमा उपदफा (ग) बमोजिमको जिल्ला समितिमा देहाय बमोजिमका सदस्य रहने छन् ।

| | |
|---|---|
| (१) अध्यक्ष, सम्बन्धित उद्योग | अध्यक्ष |
| (२) प्रमुख, जिल्ला कृषि विकास कार्यालय | |
| (३) अधिकृत प्रतिनिधि, जिल्ला विकास समिति | सदस्य |
| (४) अध्यक्ष, जिल्ला सहकारी संघ लि. | सदस्य |
| (५) प्रमुख/अधिकृत प्रतिनिधि, जिल्ला पशु सेवा कार्यालय | सदस्य |
| (६) प्रमुख/अधिकृत प्रतिनिधि, डिभिजन सहकारी कार्यालय | सदस्य |
| (७) जिल्ला समितिले मनोनयन गरेको संस्थापक शेयर वा साधारण शेयर लगानी कर्ताहरुको प्रतिनिधित्व गर्ने प्रतिनिधि | सदस्य |
| (८) प्रतिनिधि,उद्योग स्थापना हुने गाँउ विकास समिति वा नगरपालिका | सदस्य |
| (९) कार्यकारी सचिव, जिल्ला सहकारी संघ | सदस्य सचिव |

(घ) उप-दफा (ख), (घ) र (ङ) बमोजिमको समितिमा आवश्यकता अनुसार कुनै विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(ङ) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(च) उप-दफा (ख), (घ) र (ङ) बमोजिमको समितिको सचिवालय जिल्ला समितिले तोके बमोजिम हुनेछ ।

(छ) समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**एक गाउँ एक उत्पादन कार्यक्रम**

(१) जिल्ला भित्र सञ्चालन गर्ने कार्यक्रमको लागि योजना तर्जुमा गरी स्वीकृतिको लागि केन्द्र समक्ष पेश गर्ने,

(२) केन्द्र वा संघबाट स्विकृत कार्यक्रमको संचालन, रेखदेख, नियन्त्रण, सुपरिवेक्षण, अनुगमन तथा मुल्यांकन गर्ने,

(३) कार्यक्रम सञ्चालनको क्रममा देखापरेका समस्याहरुको निराकरण गर्ने,

(४) कार्यक्रम सञ्चालनको क्रममा केन्द्रको निर्देशनको पालना गर्ने,

(५) केन्द्र र जिल्लास्तरमा कार्यक्रम कार्यान्वयन गर्ने सरकारी, गैर सरकारी संघ/संस्था/सहकारी संस्था नीजि क्षेत्रका कम्पनीसंग लिखित समझदारी पत्रको आधारमा काम गर्ने ।

**एक जिल्ला एक उत्पादन कार्यक्रम**

(१) जिल्लाको मौलिक पहिचान भएका बस्तु तथा सेवाको पहिचान गर्ने

(२) जिल्लाको मौलिक पहिचान भएका वस्तु तथा सेवामा आधारित व्यवसायिक योजना (Business Plan) तयार गर्ने ।

(३) व्यवसायीक योजना (Business Plan) आवश्यक पर्ने लगानी रकमको श्रोत एकिन गर्ने ।

(४) नमुना उद्योगको नाप, नक्सा, डिजाइन तथा मेशनरी उपकरणहरुको स्पेशिफिकेशन तयार गर्ने/गराउने ।

(५) कार्यक्रमको सुपरिवेक्षण तथा अनुगमन गर्ने ।

(६) समितिको निणर्यको कार्यान्वयन गर्ने गराउने काम सदस्य सचिवबाट हुनेछ ।



सचिव

## १४. कार्यक्रम कार्यान्वयन बैंक खाता, सञ्चालन र लेखा परिक्षण :

(क) जिल्ला स्तरमा कार्यक्रम कार्यान्वयन गर्न एक गाउँ एक उत्पादन कार्यक्रम अन्तरगत जिल्ला समितिको नाममा र एक जिल्ला एक उत्पादन कार्यक्रम अन्तरगत स्थापना गरिने जिल्ला समितिको नाममा बैंकमा बैंक खाता खोलिने छ ।

(ख) उपदफा (क) बमोजिमको बैंक खातामा प्राविधिक समितिको सिफारिसमा निर्देशन समितिले कार्यक्रम संचालन तथा व्यवस्थापन वापत दिइने अनुदान रकम वार्षिक बजेट तथा स्वीकृत कार्यक्रमको सीमा भित्र रहि कोषबाट रकम निकासा गर्ने छ ।

(ग) एक गाउँ एक उत्पादन कार्यक्रम कार्यान्वयन गर्न जिल्ला समितिको अध्यक्ष र जिल्ला कृषि विकास कार्यालयको प्रमुखको संयुक्त दस्तखतबाट बैंक खाता संचालन गरिनेछ । कृषि उद्यम केन्द्र मार्फत संचालन हुने एक जिल्ला एक उत्पादन कार्यक्रम कार्यान्वयन गर्न जिल्ला समितिको अध्यक्ष, जिल्ला/नगर उद्योग वाणिज्य संघका कार्यकारी सचिव र जिल्ला कृषि विकास कार्यालयको प्रमुखको संयुक्त दस्तखतबाट बैंक खाता संचालन गरिनेछ । साथै सहकारी मार्फत संचालन हुने एक जिल्ला एक उत्पादन कार्यक्रम कार्यान्वयन गर्न जिल्ला समितिको अध्यक्ष, जिल्ला सहकारी संघको कार्यकारी सचिव र जिल्ला कृषि विकास कार्यालयको प्रमुखको संयुक्त दस्तखतबाट बैंक खाता संचालन गरिनेछ । रकम निकासा गर्ने सम्बन्धमा बसेको जिल्ला समितिको बैठकमा जिल्ला कृषि विकास कार्यालयका प्रमुखको अनिवार्य उपस्थिति हुनु पर्नेछ ।

((घ) केन्द्र मार्फत संचालन हुने कार्यक्रम कार्यान्वयन खाताको लेखा नेपाल उद्योग वाणिज्य महासंघको प्रचलित लेखा प्रणाली बमोजिम राख्नु पर्ने छ भने संघ मार्फत संचालन हुने मातहत कार्यान्वयन खाताको लेखा राष्ट्रिय सहकारी संघको प्रचलित लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ ।

(ङ) कार्यक्रम संचालन खाताको आन्तरिक लेखा परीक्षण कार्यक्रमको सचिवालयबाट गरिने छ र सो प्रतिवेदन जिल्ला समितिको सचिवालय र कार्यक्रमको सचिवालयमा पेश गर्नु पर्ने छ ।

## १५. उद्योग स्थापना, भवन निर्माण र मेशिनरी खरिद व्यवस्था:

यस कार्यक्रम अन्तर्गत स्थापना हुने उद्योगको लागि आवश्यक मेशिनरी, उपकरण, उद्योग भवन निर्माण जस्ता कार्यहरु नेपाल उद्योग वाणिज्य महासंघको आर्थिक नियमावली २०५५ एवं प्रचलित कानुन अनुसार गरिनेछ । साथै राष्ट्रिय सहकारी संघ अन्तर्गत संचालन हुने कार्यक्रमहरुको हकमा राष्ट्रिय सहकारी संघको नियमावली र प्रचलित कानुन बमोजिम हुनेछ ।

## १६. उद्योग संचालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था :

उद्योग स्थापना भए पश्चात जिल्ला समितिले उद्योग संचालनका लागि छुट्टै कार्यविधि बनाई कृषि विकास मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ र सोहि कार्यविधिको प्रावधान बमोजिम बन्ने संचालक समितिलाई उद्योग संचालन तथा व्यवस्थापनका लागि हस्तान्तरण गरिनेछ ।

## १७. उद्योग बन्द हुने र छुट्टै व्यवस्था हुन सक्ने :

कथंकदाचित सार्वजनिक निजी साझेदारीमा स्थापित नमुना उद्योग संचालन हुन नसक्ने परिस्थिती आई बन्द गर्नुपर्ने अवस्था आई परेमा संस्थापक तथा साधारण शेयर धनी तथा सरोकारवालाहरुको सहमतिमा निर्देशन समितिबाट निर्णय गराई उद्योग बन्द गर्न सकिनेछ । यसरी उद्योग बन्द भएको अवस्थामा निर्देशन समितिको निर्णय अनुसार उद्योगको सरकारी लगानी बाहेकको सम्पति शेयर धनीहरु बीच बाँडफाँड गर्न सकिनेछ तर सरकारी लगानिको हदसम्म उद्योगको व्यवसायिक आयु दश बर्ष मानी प्रत्येक बर्षका लागि घटदोदरमा दश प्रतिशतका दरले बाँकी हुन आउने रकम जिम्मेवार व्यक्तिहरुबाट सरकारी बाँकी सरह असुल

सचिव

उपर गरिने छ । तर असामान्य अवस्थामा बाहेक उद्योग स्थापना भएको १० बर्ष सम्म उद्योग बन्द गर्न पाइने छैन ।

## परिच्छेद

## समन्वय तथा अनुगमन सम्बन्धी व्यवस्था

### १८. समन्वय तथा अनुगमन समितिको व्यवस्थाः

क) सार्वजनिक-नीजि-सहकारी साझेदारी अवधारणामा संचालित एक गाँउ एक उत्पादन/एक जिल्ला एक उत्पादन कार्यक्रम लगायत कृषि विकास मन्त्रालय अर्न्तगतका सम्बन्धि परियोजनाहरुको कार्यान्वयनमा प्रभावकारिता ल्याउन केन्द्रिय स्तरमा एक समन्वय तथा अनुगमन समिति रहने छ । उक्त समितिमा देहाय वमोजिम सदस्य रहने छन ।

(ख) उपदफा(क) वमोजिमको समितिका देहाय वमोजिमका सदस्य रहने छनः

| | |
|---|---|
| सचिव, कृषि विकास मन्त्रालय | अध्यक्ष |
| सभापति, ने.उ.वा.महासंघ | सदस्य |
| अध्यक्ष, राष्ट्रिय सहकारी संघ, | सदस्य |
| सह सचिव, योजना महाशाखा , कृषि विकास मन्त्रालय | सदस्य |
| सह सचिव, अनुगमन मुल्याङ्कन तथा तथ्याङ्क महाशाखा कृषि विकास मन्त्रालय | सदस्य |
| सह सचिव, अर्थ मन्त्रालय, | सदस्य |
| सह सचिव, राष्ट्रिय योजना आयोग | सदस्य |
| महा निर्देशक, कृषि विभाग, | सदस्य |
| महा निर्देशक, पशुसेवा विभाग, | सदस्य |
| महा निर्देशक, खा.प्र. तथा गु.नि. विभाग, | सदस्य |
| प्रमुख कार्यकारी अधिकृत, कृषि उद्यम केन्द्र, | सदस्य |
| महाप्रबन्धक, राष्ट्रिय सहकारी संघ, | सदस्य |
| सहसचिव, खाद्य सुरक्षा,कृ.व्य.प्र. तथा बातावरण महाशाखा कृषि विकास मन्त्रालय | सदस्य सचिव |

(ग) उपदफा (ख) वमोजिमका आवश्यकतानुसार कुनै विज्ञलाई बैठकमा आमान्त्रण गर्न सकिने छ

(घ) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने छ र बैठक सम्बन्धी अन्य कार्यविधी समिति आफैले निर्धारण गरे वमोजिम हुने छ ।

(ङ) समितिको सचिवालय कृषि विकास मन्त्रलयमा रहने छ ।

(च) समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछन् ।

(१) कार्यक्रम कार्यान्वयनको सम्बन्धमा विभिन्न निकायहरु विच समन्वय गर्ने,

(२) कार्यक्रमको उपलब्धी बारे समिक्षा गर्ने ।

(३) कार्यक्रम संचालनमा देखिएका समस्याहरु समाधान गर्ने ।

### १९. अनुगमन तथा मुल्यांकनः

(क) सार्वजनिक-सहकारी-निर्जी साझेदारीमा संचालित एक गाउँ/जिल्ला एक उत्पादन कार्यक्रमको प्रभावकारिता र अनुदान रकमको सदुपयोगको बारेमा केन्द्रियस्तरबाट अनुगमन तथा मुल्याङ्कनको कार्य मन्त्रालय, राष्ट्रिय योजना आयोग, निर्देशन समिति, प्राविधिक समितिबाट हुनेछ ।



सचिव

(ख) जिल्ला स्तरमा यस कार्यक्रमको नियमित अनुगमन तथा मुल्याङ्कनको कार्य जिल्ला समिति, जिल्ला उद्योग बाणिज्य संघ, जिल्ला कृषि विकास कार्यालय, जिल्ला सहकारी संघ र सम्बन्धित नेपाल सरकारका मातहतका निकायबाट हुनेछ ।

## २०. कार्यक्रमको समीक्षा तथा प्रगति प्रतिबेदन पेश गर्ने:

(क) जिल्ला समितिको सचिवालयले कार्यक्रम सम्पन्न भएको प्रगति प्रतिवेदन तोकिएको फर्मेटमा मासिक, चौमासिक र बार्षिक रुपमा कार्यक्रमको सचिवालयमा पेश गर्नु पर्नेछ ।

(ख) उपदफा (क) बमोजिम जिल्ला समितिको सचिवालयबाट प्राप्त कार्यक्रम सम्पन्न प्रगति विवरण तयार गरी मासिक,चौमासिक र बार्षिक रुपमा कृषि विकास मन्त्रालय समक्ष पेश गर्नु पर्ने छ ।

(ग) यस कार्यक्रमको प्रगति तथा उपलब्धी बारे जिल्ला समितिको सचिवालय र कार्यक्रमको सचिवालयले चौमासिक तथा बार्षिक रुपमा समिक्षा गर्नु पर्नेछ ।

# परिच्छेद ७

# विविध

## २१. भ्रमण आदेश स्वीकृत तथा भ्रमण सम्वन्धि व्यवस्था:

(क) यस कार्यक्रम कार्यान्वयन एवं अनुगमनको सिलसिलामा देश भित्र कुनै व्यक्ति वा पदाधिकारीले भ्रमण गर्नु पर्दा भ्रमण आदेश सम्बन्धित कार्यालयको प्रमुखबाट र अन्य व्यक्ति वा पदाधिकारीहरुको हकमा भ्रमण आदेश केन्द्रको प्रवन्ध निर्देशक/ सहकारीको लागि सहकारी प्रमुखबाट स्वीकृत गरिनेछ तर कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउने उद्देश्यले कुनै व्यक्ति वा पदाधिकारी देश बाहिर भ्रमण गर्नु पर्ने भएमा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्ने छ ।

(ख) उपदफा (क) अनुसार कुनै व्यक्ति वा पदाधिकारीले भ्रमण आदेश स्वीकृत गराई भ्रमण गर्दा दैनिक भ्रमण भत्ता तथा भ्रमण खर्च कृषि उद्यम केन्द्रको नियमनुसार र राष्ट्रिय सहकारी संघको हकमा संघको नियमानुसार उपलब्ध गराईने छ ।

(ग) वस वा अन्य सार्वजनिक यातायात सुविधा प्राप्त हुने स्थानमा एकै दिन आउने जाने गरी काज खटिएमा त्यस्तो पदाधिकारी तथा व्यक्तिले उपदफा(१) बमोजिम पाउने दैनिक भत्ताको आधा रकम मात्र पाउने छ ।

## २२. समिति बैठक तथा भत्ता:

यस निर्देशिका वमोजिम गठित विभिन्न समिति तथा उपसमितिका पदाधिकारीहरु र उक्त समितिमा आमन्त्रण गरिने विज्ञ सदस्यहरुले समेत बैठकमा उपस्थित भए वापत बैठक भत्ता नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र/ सहकारी संघको नियमानुसार पाउने छ ।

## २३. निर्देशिकाको व्याख्या:

यस निर्देशिकामा उल्लेख भएका प्रावधानका सम्बन्धमा कुनै विवाद भएमा सो को व्याख्या निर्देशन समितिको निर्णय बमोजिम हुनेछ । सो बाहेक अन्य विषयमा नेपाल उद्योग वाणिज्य महासंघको आर्थिक नियमावली, २०५५ र सहकारीको हकमा सहकारीको नियमावली तथा प्रचलित नेपालको कानुन बमोजिम हुनेछ ।

## २४. निर्देशिका संशोधन :

नेपाल सरकारले आवश्यकता अनुसार यो निर्देशिकामा संशोधन तथा थपघट गर्न सक्नेछ ।

## २५. कार्यक्रमको बचाउ :

हाल एक गाँउ एक उत्पादन कार्यक्रमको संचालन एक गाँउ एक उत्पादन कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६८ बमोजिम सञ्चालन भई रहेको र एक जिल्ला एक उत्पादन कार्यक्रमको संचालन एक जिल्ला एक उत्पादन कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७० बमोजिम सञ्चालन भई रहेकामा स्वीकृति पछि यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।



सचिव